जि.प्र.का.का.द.नं. ७५/२०८०/०६/१६
# सत्य र न्यायको खोजी अभियान
## A Quest for Truth and Justice
केन्द्रीय कार्यालय (Central Office)
नयाँ बानेश्वर, काठमाडौं, नेपाल ( New Baneshwor, Kathmandu, Nepal)
Contact: 9849451155, 9851070200, 9851060777, ~~9841496111~~
E-mail: lawman750@gmail.com, ~~sktimilsina@gmail.com~~

Letter No. २५/०८२
Dispatch No.

न्याय परिषद् सचिवालय
दर्ता नं. ......१३५......
मिति: २०८२।४।२०

श्री न्याय परिषद सचिवालयमा चढाएको

**उजुरी / निवेदन**

विषयः न्यायपालिकाको मान मर्दन हुने गरी राजनीतिक नेताहरुको कार्यालय धाउने, विशेष अदालत ऐन, २०५९ को दायरा नाघी इजलाश गठन गर्ने र स्वतन्त्र अदालतको अवधारणा विपरित असम्वद्ध गुणस्तर तथा नापतौल विभागको प्रमाण पत्र लिने विशेष अदालतका अध्यक्षको कृयाकलाप न्याकर्मीमा हुनु पर्ने आचरण, इमान्दारिता, कार्यक्षमता, न्यायिक निष्ठा समेतको विपरीत भएकोले कारवाही गरी न्यायालय प्रतिको जन आस्था जोगाइपाऊं।

कास्की जिल्ला, साविक देउराली गा. वि. स को हाल परिवर्तित रुपा गाउंपालिका वडा नं ५ घर भइ हाल का.जि.का.म.न.पा. वडा नं ३१ नयां वानेश्वर वस्ने वुद्धिमान श्रेष्ठको नाती हिरा लाल श्रेष्ठको छोरा, सत्य र न्यायको खोजी अभियानका अध्यक्ष, वरिष्ठ अधिवक्ता ध्रुव लाल श्रेष्ठ (9849451155/ lawman750 @gmail.com).........१ — उजुरी/ निवेदनकर्ता

विरुद्ध

विशेष अदालतका अध्यक्ष मा. टेकनारायण कुँवर..........................................................१ — विपक्षी/आरोपी

म उजुरीकर्ता विशेष अदालतका अध्यक्ष मा. न्या. टेकनारायण कुँवरवाट भए गरिएका केही पदीय काम कारवाही र त्यस संग सम्वन्धित गतिविधिहरु न्यायाधीशको आचार संहिता २०७४, विशेष अदालत ऐन, २०५९ को समग्र व्यवस्था र भावना विपरित भई नेपालको संविधानको धारा १५३ वमोजिम गठित न्यायपरिषदले शिघ्र अनुसन्धान कारवाही गरी अदालतको गरिमा जागाउनु पर्ने असामान्य अवस्था विद्यमान रहेकोले निम्न गतिविधी र काम कारवाहिहरुमा निम्नानुसार हुन गर्न सत्य र न्यायको खोजी अभियानको अध्यक्ष, नेपाली नागरिक र वरिष्ठ अधिवक्ताको हैशियतमा यो उजुरी गरेको छुः

१. अदालतको प्रशासन र न्याय निष्पादनको प्रकृयाहरु कानून द्वारा नै व्यवस्थित गरिएको हुन्छ । कानूनकर्मी र न्यायकर्मीहरुले सोही प्रकृया र व्यवस्थाको अनुपालन गरी सेवा ग्राहिहरुलाई कानूनी र

Scanned with CamScanner

न्यायिक सेवा प्रदान गर्ने हो। यसका लागि जिल्ला अदालत नियमावली, २०७५, विशेष अदालत नियमावली, २०८०, उच्च अदालत नियमावली, २०७३ र सर्वोच्च अदालत नियमावली, २०७४ ले भिन्न भिन्न अदालतमा दायरहुने निवेदन, फिराद पत्र, पुनरावेदन र सर्वोच्च अदालतमा दायर गरिने निवेदन, रिट निवेदन, पुनरावेदनको ढांचा, र आदेश फैसलाका कानूनी प्रकृयाहरु समेतको व्यवस्था गरेको छ र ति कानूनी व्यवस्थाहरुको परिसीमन भित्र रहेर नै सम्पूर्ण कानूनी र न्यायिक काम कारवाही हुने गरिने हो र गरिन्छ । यसरी मौजुदा कानूनी व्यवस्थानुसार नै अदालति प्रशासन चल्ने चलाइने गरिन्छ र यसरी चल्ने चलाइने अदालति प्रशासन र न्यायिक कृयाकलापमा वकिल र न्यायाधीशहरुलाई अझ वढी जिम्मेवार वनाउन व्रकिलहरुका लागि कानून व्यवसायीको पेसागत आचरण सम्वन्धी नियमावली २०७९ र न्यायाधीशहरुका लागि न्यायाधीशको आचार संहिता, २०७४ समेत लागु गरिएको छ । यसरी व्यवस्थित नियमावली र आचार संहिता विपरीत वकिल र न्यायाधीशहरुले काम गरेमा तिनिहरु कारवाहिको दायरामा तानिन्छन्, तानिनु पर्दछ ।

२. विशेष अदालतका अध्यक्ष मा. न्या. टेक नारायण कुँवरवाट न्यायाधीशको आचार संहिता, २०७४ र विशेष अदालत ऐन, २०५९ को समग्र कानूनी व्यवस्था र भावना विपरीतका निम्नानुसारको कृयाकलाप भएको कुरा सार्वजनिक संजालहरुमा संप्रेषित भएको र अदालती काम कारबाहीहरुमा पनि विशेष अदालत ऐन, २०५१ को समग्र व्यवस्था र विधायनी भावनाको उलंघन भए गरिएको तर्फ न्यायपरिषदको ध्यानाकर्षण गराउंदछु :

(क) नेपालवाच डट कम नामक विद्युतीय संचार माध्यममा इ. सं. २०२४/०८/३० गते तदनुसार २०८१/०५/१४ गते विशेष अदालतका अध्यक्ष मा. न्या टेकनारायण कुँवर नेपाली कांग्रेसका महामन्त्री गगन कुमार थापाको सम्पर्क कार्यालयमा रहेको तस्वीर सार्वजनिक गर्यो। विशेष अदालतका अध्यक्ष न्यायाधीश, राजनीतिक नेताहरुको कार्यकक्षमा देखिनु न्यायाधीश आचार संहिता, २०७४ को व्यवस्था र भावना विपरीत हो । नेपाल वाचमा सम्प्रेषित समाचार सांचो हो वा होइन पुष्ट्याई गर्नका लागि कार्यालय भनिएको स्थान भित्र वाहिर र आवत जावत गर्ने वाटो वरिपरिको सि. सि. टि. भि. फुटेजहरुको प्रमाणिक परिक्षण गरियोस र सांचो भए तुरुन्त त्यस्ता न्यायाधीशलाई कारवाही गरियोस भनि सम्वद्ध निकायको समेत ध्यानाकर्षण हुने गरी म आफैले सार्वजनिक संजाल फेसवुकमा संप्रेषित समाचारको विषयमा टिप्पणी लेखेको थिएं। सम्वद्ध निकाय न्याय परिषद र नेताको कार्यालय धाउने न्यायाधीशवाट समेत कुनै प्रतिकृयाहरु सार्वजनिक भएनन्, गरिएनन्। यसरी सम्प्रेषित समाचार र समाचार माथि भएको टिप्पणीका विषयमा सम्वद्ध व्यक्तिले कुनैपनि प्रतिकृया नदिनु भनेको सम्प्रेषित समाचार सत्य प्रमाणित हुनु हो र समाचार र टिप्पणी माथिको अव्यक्त श्विकारोक्ती हो ।

(ख) मिति २०८२ असार १० गते नवराज सापकोटा समेत विरुद्ध दृष्टि न्युज अनलाइन समेत भएको अदालतको अवहेलना मुद्दाको आदेश गर्ने विशेष अदालतको ६ जना न्यायाधीशहरुको इजलाश विशेष

Scanned with CamScanner

अदालत ऐन, २०५९ को समग्र व्यवस्था र भावना विपरित छ। विशेष अदालत ऐन, २०५९ को दफा ३ ले विशेष अदालतको गठन सम्बन्धमा व्यवस्था गरेको छ। सोही दफा ३ को उपदफा (१)(क) ले ३ सदस्य भन्दा वढी संख्यामा विशेष अदालत गठन गरिएकोमा एक भन्दा वढी इजलासहरु गठन गर्न सकिने तर त्यसरी गठन गरिने प्रत्यक इजलासमा ३ जना न्यायाधीश मात्र रहने वाध्यात्मक व्यवस्था गरेको छ। यो प्रावधानले मात्र होइन की विशेष अदालत ऐन, २०५९ ले कहीं कतै पनि विशेष अदालतमा ६ जना न्यायाधीशको इजलास गठन गर्न सक्ने विधायंनी भावना रहेको र त्यस अनुरुपका व्यवस्थाहरु गरिएको देखाउंदैन, छैन, यस्तो अवस्थामा कानूननै मिचेर आफ्नो लहड र वहकाउमा आएर विशेष अदालतका अध्यक्षले के कुन कारण र परिणामका लागि ६ जनाको इजलास गठन गरे यस विषयमा कानुन र न्याय क्षेत्रवाट, विशेष गरी कानून व्यवसायीहरुको छाता संगठन नेपाल वार एशोसियशनवाट आवाज उठ्नु पर्ने र स्वयं न्यायपरिषदले पनि चासो र जानकारी लिनु पर्ने हो, तर हामिकाहां नेपाल वार र सर्वोच्च वार लगायतका इकाईहरु नै यस्ता विकृतियुक्त विषयहरुमा कानूनी प्रहार गर्नुको साटो उल्टै पद र संगठनलाई नै चाकरिको माध्यम वनाएर न्यायाधीश वन्ने र संगठनप्रति अनुत्तरदयी वन्ने निकटको इतिहास र वर्तमान समेत साक्षी नै भएकाले तिनिहरुवाट यस्ता विषयमा कुनै आवाज उठ्ने उठाइने संभावनानै रहेन, छैन ।

विशेष अदालतका लागि वनेको विशेष ऐनकै वर्खिलाप गएर इजलास गठन गर्ने र मुद्दाको कारवाही अघी वढाउने जस्ता चरम लापर्वाहीयुक्त काम गर्ने न्यायाधीश स्वयंको कृयाकलापले अन्य मुद्दाहरुमा पनि कानून र न्यायको धर्म राखेर न्याय निस्पादन गर्छन भन्ने कुरामा प्रसस्त शङ्का उब्जिने अवस्थाको विधमानता छ।

(ग) न्यायको आदर्श, न्यायाधीशको पदीय मर्यादा विरुद्ध नेताको संपर्क कार्यालयमा जाने मात्र नभएर कानूनले तोकेको दायरा नाघेर तोकिएको कानून मिची गैरकानूनी रुपमा व्यक्तिगत लहड र सनकका भरमा इजलाश गठन गर्ने अशोभनीय र अपत्यारिला हर्कतलाई पनि माथ गर्ने अर्को थप न्यायिक इतिहासमै कालो धब्बा लगाउने गरी विशेष अदालतले लिएको नेपाल सरकार गुणस्तर तथा नापतौल विभाग, वालाजु, काठमाण्डौ (Nepal Bureau of Standards and Metrology) ले दिएको प्रमाणपत्र हो। विशेष अदालतका अध्यक्षले आफ्नो कार्यकालमा विशेष अदालतको न्याय निष्पादन गर्ने कार्य छिटो छरितो वनाउने प्रयोजनका लागि अदालत प्रशासन प्रविधियुक्त, चुस्त दुरुस्त रहेको भन्ने गुणस्तर विभागको प्रमाणपत्र प्राप्त गरी संचार माध्यममा प्रचार समेत गरिएको कार्यले न्यायपालिकाको साख गिराएको मात्र नभएर न्यायपालिकालाई नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय अन्तर्गतको गुणस्तर तथा नापतौल विभाग अधिनस्त रहेको अर्थ निसृत गराउने धृष्टता गरेको छ, जुन घोर आपत्तिजनक र खेद जनक छ। स्वतन्त्र न्यायपालिकाको अवधारणा विपरितको विशेष अदालतका अध्यक्षको गुणस्तर विभागको प्रमाणपत्र लिने कार्यलाई गलत कार्य होइन ठिकै हो भन्ने मान्ने हो भने भ्रष्टाचारको प्रतिवेदन लुकाइने, प्रधान न्यायाधिशका नियुक्ति सिफारिसहरु अवैधानिक छन भनि

Scanned with CamScanner

दायर गर्न लगिएको रिट निवेदनहरु दर्ता नै नगर्ने/हुन नदिने, रितपुर्वकको कानुन वमोजिमका रिट निवेदनहरु दर्ता नगरी दरपीठ गरिने वा कतिपय निवेदनहरु दर्ता गर्न लामो समय पर्खिनु पर्ने र दरपीठ भएका कतिपय रिट निवेदनहरु इजलाशमा पुगी वदर भई रिट दर्ता हुंदा गरिंदा समेत अकारण रिट निवेदन दर्ता नगरी दरपीठ गर्ने कर्मचारिहरुलाई कुनै कारवाही नै नहुने नगरिने अभ्यास कायम रहेको सर्वोच्च अदालत र मातहतका अन्य अदालतहरुले पनि न्याय निष्पादन गर्ने कार्य छिटो छरितो वनाउने प्रयोजनका लागि अदालत प्रशासन प्रविधियुक्त, चुस्त दुरुस्त रहेको भन्ने गुणस्तर विभागको प्रमाणपत्र प्राप्त गर्नुपर्ने र त्यस्तो प्रमाणपत्र प्राप्त हुन गर्न नसकेमा अदालत प्रशासन हुनु पर्ने जस्तो नभएको नरहेको भन्ने स्थापित भएको मान्नु पर्ने हुन्छ। त्यसर्थमा कित सर्वोच्च लगायत सवै तहका अदालतले छरितो न्यायका लागि न्याय प्रशासन प्रविधियुक्त, चुस्त दुरुस्त रहेको भन्ने गुणस्तर तथा नापतौल विभागको प्रमाणपत्र प्राप्त गरेकै हुनु पर्यो वा स्वतन्त्र न्यायालय गुणस्तर तथा नापतौल विभाग वा अन्य कुनै सरकारी निकाय अन्तर्गत रहने वा रहेको निकाय नहुंदा नहुंदै रहे भएको जस्तो गरी प्रमाणपत्र लिने विशेष अदालतका अध्यक्ष मा. टेक नारायण कुंवरलाई न्यायपालिकाको अरु वढी मान मर्दन हुन नदिन अविलम्व अनुशन्धान कारवाही गर्नु पर्यो ।

३. विशेष अदालतका अध्यक्षले माथि लेखिए अनुसार गुणस्तर तथा नापतौल विभागको प्रमाणपत्र दिने निकाय, नेपाल गुणस्तरै (प्रमाण-चिन्ह) ऐन, २०३७ अन्तर्गत वनेको निकाय हो। यो ऐनले कहिं कतैपनि अदालतको न्याय प्रशासन ठिक वेठिक के छ भनेर निरीक्षण गर्ने र ठिक भएको पाएपछी आइ.एस.ओ. (ISO) को छाप लगाएर प्रमाणपत्र दिने कार्य गर्ने सम्वन्धी व्यवस्था गरेको छैन, गर्न हुने कुरो पनि होइन । यस ऐनको दफा २ को परिभाषा खण्ड (घ) मा "पदार्थ" भन्नाले प्राकृतिक अर्ध प्राकृतिक, कृत्रिम, निर्मित, प्रशोधित, अर्ध प्रशोधित, वा अप्रशोधित माल वस्तु संझनु पर्छ भनेर परिभाषित गरिएको छ । त्यसै गरी ऐनको दफा ५(२)(ख), दफा ७, ७(क)(१), ७(ख), ८(१)(२), (१०)(१)(२),११, १२(१)(२)(क)(ख)(ग)(घ) र दण्ड सजाय गर्ने दफा १३ (३)(४) समेतमा प्रयुक्त "पदार्थ" भन्ने शव्दले कानूनी ज्ञान भएकाहरुले मात्र होइनकी सामान्य समझ भएका र मगज नविग्रेका होश ठेगानमा भएका सर्वसाधारण जो कोही पनि मानिसले नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३४, उपभोग्य वस्तु, निर्माण सामाग्री, खाद्यवस्तु, स्वास्थ्य र होटल सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाहरुलाइ जनाएको हो भन्ने वुझ्न सक्दछ र पर्दछ ।नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ न्यायापालिका संग सम्वन्धित कानून नै होइन। यदी हो भनिने हो भने यो ऐनले गरेको कानुनी व्यवस्था कार्यान्वयन गर्ने अधिकारीहरुले विशेष अदालतले प्राप्त गरेको आई. एस. ओ. (ISO) छापयुक्त प्रमाणपत्र अनुसारको अदालती प्रशासनको गुणस्तर कायम भैरहन सकेको वा नसकेको के हो निरिक्षण गर्नु पर्ने व्यवस्थानुरुप अदालत प्रशासनलाई ऐनको दफा १२ वमोजिम नियुक्त निरीक्षकले निरीक्षण गर्नु पर्ने हुन्छ, दफा १३ को उपदफा (१) देखी (६) सम्म गरिएका अधिकतम पांच हजार सम्म जरिवान र एक वर्ष सम्म कैद वा दुवै सजाय हुन, दफा १४ अनुसार सरकारवादी भएर मुद्दा चलाउनका लागि दफा १६ अनुसार मुद्दा

Scanned with CamScanner

को कसुर संवन्धी सुरु कारवाहीको अनुशन्धान निरीक्षकले गरेर दफा १५ अनुसार सुरु मुद्दा कारवाही किनारा गर्न प्रमुख जिल्ला अधिकारी समक्ष मुद्दा पेस गर्नु पर्ने हुन्छ र प्रमुख जिल्ला अधिकारीको फैसला उपर दफा १७ अनुसार जिल्ला अदालतले पुनरावेदन हेर्दछ । के यिनै विधायनी व्यवस्थाको घेरा भित्र अदालत पर्ने हो? हो भन्ने तर्फ न्यायपरिषद जाने हो भने मा. टेकवहादुर कुँवरले प्रमाणपत्र लिएर गरेको स्टण्टवाजीमा न्यायपरिषद भागिदार भएको प्रमाणित हुँदैन र । के यस्तो स्टण्टवाजिले न्यायपालिकाको मान मर्दन गर्दैन र न्यायपालिका प्रतिको जनआस्था ध्वस्त हुँदैन? के कानूनका दायरा भन्दा वाहिर गएर न्यायाधीशले मनपरी गर्न पाइन्छ ? होइन पाइंदैन भनिने हो भने न्यायाधीश जस्तो दैवीय पदमा वसेर न्यायलयकै मान मर्दन हुने जस्ता काम गर्ने मा. टेक नारायणा कुँवर र त्यस्ता अरु स्टण्टवाजहरु जो सुकैलाई पनि न्यायापरिषदले हदै सम्मको कारवाही गर्नु पर्दछ र न्यायलयको शाख जोगाइनु पर्छ ।

विशेष अदालतका अध्यक्ष मगज विग्रेको वा होस ठेगान नभएका व्यक्ति होइनन्। होस ठेगान भएका व्यक्तिले खाद्य वस्तु, उपभोग्य वस्तु र निर्माण सामाग्रीका पदार्थहरुका रुपमा न्याय निस्पादन गर्ने कार्यलाई जोडेर के कति कारणले समग्र न्यायपालिकाको मान मर्दन हुने गरी गुणस्तर तथा नापतौल विभागको प्रमाणपत्र लिइएको हो, यस सम्वन्धमा माथी वुंदा २(क) मा लेखिए अनुसार राजनीतिक दलका नेताको कार्यकक्षमा गई सम्पर्क गरेको अखण्डित आरोप संग जोडेर अनुसन्धान गरिनु जरुरी छ। साथै, मा. न्यायाधीशवाट गरे भएका उल्लिखित कृयाकलापहरुले अदालती प्रशासन र न्याय निश्पादन गर्ने सिलसिलामा यस पूर्व यस्तै प्रकृतिका स्टण्ट झल्काउने कामहरु भए नभए तर्फ हेरी गरे भएको पाइएमा त्यसको मुल्यांकन गरी यस उजुरीमा कारवाहीका लागि उठाइएका विवादित विषयको गाम्भिर्यता संग जोडेर हेर्नु पर्ने तर्फ समेत परिषदको ध्यानाकर्षण हुनु जरुरी छ ।

४. माथी मुल वंदा नं २ को खण्ड (क)(ख)(ग) र मुल वुंदा नं ३ मा लेखिए अनुसारको न्यायिक मर्यादा, निष्ठा, आदर्श र विशेष अदालत ऐनको समग्र व्यवस्था र भावना विपरित विशेष अदालतका अध्यक्ष मा. टेक नारायण कुंवरवाट गरे भएका कार्यहरु न्याय परिषद ऐन, २०७३ को दफा १०(घ), दफा ११(१)(च), र दफा १२(क) ले व्यववस्था गरिए अनुसारको त्रुटियुक्त हुनुका साथै न्यायाधीशको आचार संहिता, २०७४ को दफा ३, ३.२, ३.३, दफा ४,४.२, दफा ५, ५.१, ५.२, दफा ६, ६.२ ले निर्देशित र व्यवस्थित न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता, निष्ठा र समानताका आदर्श र सिद्धान्तहरु विपरित मात्र नभएर नेपालको न्यायपालिका सहभागि रहेको अन्तर्राष्ट्र्य न्यायाधिशहरुको आचार संहिता, "द वैंगलोर प्रिन्सिपल्स अफ जुडिसियल कण्डक्ट (The Bangalore Principles of Judicial Conduct)" को समग्र व्यवस्था, सिद्धान्त र न्यायिक आदर्श समेतको प्रतिकुल भएकाले विशेष अदालतका अध्यक्षलाई न्याय परिषद ऐन, २०७३ को दफा १४ को उपदफा (२) अनुसार कारवाही हुन र आवश्यकतानुसार संविधानको धारा १५३ को उपधारा (४)(५) र (६) अनुसार समेत अनुशन्धान कारवाही गरी न्यायपालिकाको शाख जोगाउनका लागि यो उजुरी गरेको छु । यो उजुरी अनुसार कारवाही हुने वा

Scanned with CamScanner

नहुने कुराले न्याय परिष्दको समेत औचित्यता पुष्टि हुने वा नहुने कुराको पनि प्रमाणित हुने तर्फ परिषदको ध्यानाकर्षण गराएको छु।

५. उजुरी अनुसारको अनुशन्धान, कारबाहीका लागि सहयोग गर्नु पर्ने अवस्थाको सूचना पाएका वखत यस परिषदमा उपस्थित भइ सहयोग गर्ने छु ।

६. प्रमाण कागजहरुः

(क) मा. न्यायाधीश नेपाली कांग्रेसका महामन्त्री गगन कुमार थापाको कार्यकक्षमा रहंदाको नेपाल वाच डट कमले सम्प्रेषण गरेको समाचार संगै विद्युतीय संचार माध्यममा देखाइको तश्वीर।

(ख) मिति २०८२/०३/१० गतेको विशेष अदालतका ६ जना न्यायाधीशयुक्त इजलाशको आदेशको प्रतिलिपी ।

(ग) विद्युतीय संचार माध्यमवाट प्रिन्ट गरिएको गुणस्तर तथा नापतौल विभागवाट विशेष अदालतलाई दिइएको प्रमाणपत्र ।

७. लेखिएको उजुरी व्यहोरा ठिक र तथ्यपरक छ, नभए कानून वमोजिम भोग्न तयार छु ।

उजुरी निवेदक
वरिष्ठ अधिवक्ता ध्रुव लाल श्रेष्ठ
मितिः २०८२/०४/

Scanned with CamScanner